# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं.०७७/०७८
चलानी नं.१२८

१ नं.प्रदेश, नेपाल
मिति:२०७७।४।२०

**बिषयः फोहरमैला संकलक सेवा करारमा लिने सम्बन्धी सूचना ।**

**१.** यस कार्यालयको लागि फोहरमैला संकलक सेवा काररमा लिनुपर्ने भएकोले तपसिलमा उल्लेख भए बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त आव्हान गरिन्छ ।

| पद | आवश्यक पद संख्या | मासिक तलव | गर्नुपर्ने कामको बिवरण |
|---|---|---|---|
| फोहरमैला संकलक | ६ (छ) | १३,४५०।- (तेह्र हजार चार सय पचास) | मिलनचोक, रामबजार, रमाइलोडाँडा, हुलाक/भैरव/ गणेशटोल, सिमलडाँडा जिसस. र रुम्जाटार क्षेत्रका सार्वजनिक स्थलहरुको नियमित सरसफाई गर्ने, उल्लिखित क्षेत्रबाट सृजना हुने फोहरमैलालाई स्रोतमै पृथकीकरण गराई संकलन गर्ने, संकलित फोहरमैला गाडीमा लोड गर्ने, विसर्जनस्थलमा पृथक पृथक रुपमा अनलोड गर्ने र फोहरमैला व्यवस्थापन वापतको मासिक सेवा शुल्क संकलन गरी कार्यालयमा बुझाउने । |

**२.शैक्षिक योग्यता र अनुभव :**

क) नेपाली नागरिक,

ख) न्यूनतम शैक्षिक योग्यताः साधारण लेखपढ गर्न सक्ने,

ग) अनुभवः यसअघि नगरपालिका, टोल विकास संस्था, सामुदायिक गुठी वा क्लवहरुबाट फोहरमैला संकलकको काममा लगाइएका व्यक्तिलाई बिशेष प्राथमिकता दिइने,

घ) उमेरः दरखास्त दिने मितिसम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने,

ङ) प्रचलित कानुनद्वारा अयोग्य नभएको,

च) छनौट विधिः यस नगरपालिकाको सेवा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सूचिकरण तथा अन्तरवार्ता,

**३. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरुः**
नेपाली नागरिकता, शैक्षिक योग्यता र अनुभव खुल्ने कागजातको प्रतिलिपि ।

४. उक्त पदका लागि दिइने दरखास्त फाराम यस कार्यालयबाट निशुल्क रुपमा उपलब्ध हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालयको टेलिफोन नम्बर ०३७-५२०२१३ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

रामेश्वर पोखरेल
प्रमुख प्रशासकीय अधिकृत